# आन्तरिक प्रशासन दिग्दर्शन नियमहरू, २०२८

नेपाल राजपत्रमा प्रकाशित मिति

२०२८।८।६

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "आन्तरिक प्रशासन दिग्दर्शन नियमहरू, २०२८" रहेको छ ।

(२) यो नियमावली नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि तोकेको सरकारी कार्यालयमा लागू हुनेछ ।❖

२. **आन्तरिक प्रशासन दिग्दर्शन लागू हुने** : यो नियमावली लागू भएको कार्यालयमा नेपाल सरकारबाट स्वीकृत आन्तरिक प्रशासन दिग्दर्शन बमोजिम काम गर्नु गराउनु पर्छ ।

३. **खारेजी** : यो नियमावली लागू भएको सरकारी कार्यालयहरूमा सचिवालय कार्यविधि कार्यान्वित गर्ने नियमहरू, २०१५ लागू हुने छैन ।

नेपाल कानून आयोग

❖ मिति २०३२।१।२९ को सूचनाले नेपाल सरकारको मन्त्रालयहरू, सचिवालयहरू र विभागहरूमा २०३२।१।१ देखि लागू हुने गरी तोकेको ।